# राष्ट्रिय मानव अधिकार आयोग

## हरिहरभवन, ललितपुर, नेपाल

## पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६/३/१७)

राष्ट्रिय मानव अधिकार आयोगमा रिक्त रहेका तपसिल बमोजिमका पदहरु खुला प्रतियोगिताद्वारा (खुला र समावेशी तर्फ महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्गता भएका व्यक्तिहरु र पिछडिएको क्षेत्र) तपसिल बमोजिमका श्रेणी विहीन पदहरुमा एकपटकको लागि समान तह/पदमा आन्तरिक प्रतियोगिताद्वारा समेत स्थायी पदपूर्ति गर्नका लागि राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०७२ (संशोधन सहित) को नियम ९ बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ ।

| सि. नं. | विज्ञापन नं. | पद तथा श्रेणी | महिला | आदिवासी/ जनजाति | मधेशी | दलित | खुला | जम्मा संख्या |
|---|---|---|---|---|---|---|---|---|
| १. | १/०७५-७६ | सवारी चालक (हलुका सवारी चालक सरह) | २ | २ | २ | १ | ६ | १३ |
| २. | २/०७५-७६ | सुरक्षा गार्ड (श्रेणी विहीन प्रथमस्तर सरह) | १ | १ | - | - | १ | ३ |
| ३. | ३/०७५-७६ | कार्यालय सहयोगी (श्रेणी विहीन प्रथमस्तर सरह) | १ | १ | १ | - | ३ | ६ |
| समान तह/पदमा आन्तरिक प्रतियोगिता | | | | | | | | |
| ४. | ४/०७५-७६ | सवारी चालक (हलुका सवारी चालक सरह) | | | | | | १८ |
| ५. | ५/०७५-७६ | सुरक्षा गार्ड (श्रेणी विहीन प्रथमस्तर सरह) | | | | | | २१ |
| ६. | ६/०७५-७६ | कार्यालय सहयोगी (श्रेणी विहीन प्रथमस्तर सरह) | | | | | | ३० |

**परीक्षा सम्बन्धी व्यवस्था:** परीक्षाको किसिम, मिति, स्थान र समय आयोगको पदपूर्ति समितिले तोके बमोजिम हुनेछ ।

**परीक्षा दस्तुर:**

(क) हलुका सवारी चालक पदको लागि रु.२००/-(दुईसय) दस्तुर बुझाउनु पर्नेछ । र एउटै पदको समावेशी तर्फको लागि रु. १००/- (एकसय) प्रति समावेशी पदका लागि थप दस्तुर बुझाउनु पर्नेछ ।

(ख) सुरक्षा गार्ड र कार्यालय सहयोगी पदको लागि रु १००/-(एकसय) दस्तुर बुझाउनु पर्नेछ । एउटै पदको समावेशी तर्फको लागि रु. ५०/- (पचास) प्रति समावेशी पदका लागि थप दस्तुर बुझाउनु पर्नेछ ।

(ग) परीक्षा दस्तुर नेपाल बैङ्क लि. गावहाल शाखामा आयोगको नाममा रहेको राजश्व शिर्षक नं. १४२२४ खाता नं. ०१८०१०००००००००१४००० मा बुझाई सो को सक्कल भौचर राष्ट्रिय मानव अधिकार आयोग केन्द्रीय कार्यालय हरिहरभवनमा बुझाउनु पर्नेछ ।

**दरखास्त दिने स्थान:** आयोगको केन्द्रीय कार्यालय हरिहरभवन, ललितपुर ।

**दरखास्त दिने म्याद:** यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र र दोब्बर दस्तुर तिरी थप ७ दिन भित्र ।

**परीक्षा सम्बन्धी मिति र कार्यक्रम:** पछि प्रकाशित गरिनेछ ।

**पदमा रही गर्नुपर्ने कामको बिबरण:** कार्य बिबरण अनुसार ।

**काम गर्नुपर्ने स्थान:** आयोगको केन्द्रीय, प्रदेश तथा प्रदेश शाखा कार्यालयहरु ।

**आवश्यक न्यूनतम योग्यता तथा अनुभव**

(क) सवारी चालक पदको लागि साधारण लेखपढ गर्न जानेको तथा सवारी चालक अनुमति पत्र प्राप्त गरेको र कुनै सरकारी वा सरकारी स्वामित्व भएको संस्थामा २ वर्ष सवारी चालकको रुपमा रुपमा काम गरेको अनुभव हुनुपर्नेछ ।

(ख) सुरक्षा गार्ड र कार्यालय सहयोगीको लागि साधारण लेखपढ गर्न जानेको तथा कुनै सरकारी वा सरकारी स्वामित्व भएको संस्थामा २ वर्ष सुरक्षा गार्डको लागि सुरक्षा गार्डको पदमा र कार्यालय सहयोगीको लागि कार्यालय सहयोगी पदमा रही काम गरेको अनुभव हुनुपर्नेछ ।

(ग) समान तह/पदमा आन्तरिक प्रतियोगिता तर्फको सवारी चालक पदको लागि साधारण लेखपढ गर्न जानेको तथा सवारी चालक अनुमति पत्र प्राप्त गरेको र आयोगको सवारी चालक पदमा कम्तिमा ३ वर्ष करार वा अस्थायी रुपमा अविछिन्न कार्य गरिरहेको ।

(घ) समान तह/पदमा आन्तरिक प्रतियोगिता तर्फको सुरक्षा गार्ड पदको लागि साधारण लेखपढ गर्न जानेको तथा आयोगको सुरक्षा गार्ड पदमा कम्तिमा ३ वर्ष करार वा अस्थायी रुपमा अविछिन्न कार्य गरिरहेको ।

(ङ) समान तह/पदमा आन्तरिक प्रतियोगिता तर्फको कार्यालय सहयोगी पदको लागि साधारण लेखपढ गर्न जानेको तथा आयोगको कार्यालय सहयोगी पदमा कम्तिमा ३ वर्ष करार वा अस्थायी रुपमा अविछिन्न कार्य गरिरहेको ।

**अन्य थप जानकारी:**

(क) दरखास्त फाराम आयोगको वेब साइट **www.nhrcnepal.org** बाट डाउनलोड गर्न सकिनेछ । साथै केन्द्रीय कार्यालयबाट पनि उपलब्ध हुन सक्नेछ ।

(ख) दरखास्त दर्ता गर्दा दरखास्त फाराम, नागरिकता, शैक्षिक तथा अनुभवको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि समेत संलग्न गरी दरखास्त दस्तुर जम्मा गरेको सक्कल भौचर संलग्न गर्नुपर्नेछ ।

(ग) उम्मेदवारको उमेरको सीमा - दरखास्त दिने अन्तिम दिनसम्म १८ वर्ष पूरा भै ३५ वर्ष ननाघेको तथा महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ । आयोगमा स्थायी, अस्थायी वा करारमा कार्यरतको हकमा उमेरको हद लाग्नेछैन ।

(घ) समावेशीकरण अन्तर्गत सुरक्षित गरिएको पदमा सम्बन्धित वर्गमा पर्ने व्यक्तिहरु मात्र उम्मेदवार हुन सक्नेछन् । यस्ता उम्मेदवारले आफू सो वर्गमा परेको भनी आधिकारिक निकायले दिएको प्रमाण पत्र आवेदन साथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**सम्पर्कका लागि टेलिफोन नम्बर:- ५०१००१५ Ext. १७०**